# पोखरा उप-महानगरपालिका कार्यालय

## सृजनाचोक कम्पलेक्स भाडामा लगाउने बारेको

## ३० दिने बोलपत्र आव्हानको सुचना

## प्रथम पटक प्रकाशित मिति २०७३/१०/२१ गते

यस पोखरा उप-महानगरपालिका वडा नं -९ सृजनाचोक स्थित नगर बिकास कोषको अनुदान एवं ऋण सहयोग र यस न.पा. को लगानीमा निर्मित सपिङ्ग कम्प्लेक्स भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तपसिल उल्लेखित शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यसै सुचनाद्वारा सूचित गएिको छ । यस सम्बन्धि शर्तहरु बुझ्नु परेमा उपमहानगरपालिकाको राजश्व प्रशासन महाशाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

१.बोलपत्र फारम तपशिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदको साथ यो सुचना प्रकाशित भएको मितिले ३० (तीस दिन) भित्र यस कार्यालयको राजाश्व प्रशासन महाशाखाबाट खरिद गर्न सकिने छ ।

२. शिलबन्दी वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिनको १२:०० बजे यस कार्यालयमा दर्ता गराउन सकिने छ । उल्लेखित समय भित्र दर्ता हुन आएका शिलबन्दी वोलपत्र सोही दिन दिनको १२:००बजे बोलपत्र दाता स्वँय वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधि रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३.बोलपत्र साथ आफुले कबुल गरेको अंकको ५%(प्रतिशत) रकम यस कार्यालयको पोखरा स्थित राष्ट्र बैंकमा रहेको धरौटी खाता 1804702-001-030-524 मा जम्मा गरेको सक्कलले भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको सूचनामा ९० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्ने छ ।

४.बोलपत्रमा आफुले कवुल गरेको अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गर्नु पर्ने छ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र बोल पत्रको शिर्षक स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।

६. शिलवन्दी बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. बोलपत्रसाथ नागरिकताको प्रमाण पत्र, न.पा.को व्यवसायको प्रमाण पत्र, कर भुक्तानी प्रमाणपत्र, घर जग्गा एवं अन्य व्यवसाय भए सो को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

८. यो बोलपत्रमा उल्लेख नभएका वुंदाहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

९.पहिलो किस्ता वरावरको रकम दाखिला गरी बाँकी किस्ता रकम बरावरको बैंक ग्यारेण्टी ठेक्का अवधि सम्मको लागि राखे पछि मात्र सर्त कबुलियत गरिनेछ ।

१०. ठेक्का अवधी सम्झौता मितिले ५ वर्षका लागि हुनेछ र भाडा उठाउन पाउने दर रेट बोलपत्रमा उल्लेख हुनेछ ।

११. दोस्रो र तेस्रो वर्षका लागि कवुल गरिएको ठेक्का अंकमा १०%( प्रतिशत)ले वृद्धि गरी भाडा रकम कायम गरिनेछ ।

१२. ठेक्का सम्बन्धी कुनै विवाद भएमा न.पा.ले गरेको निर्णय नै अन्तिमा निर्णय हुनेछ ।

१३. उक्त भवनको एकमुष्ठ बार्षिक न्युनतम भाडा रु ७६,००,०००।००( अक्षरुपी छयतर लाख मात्र रुपैया) कायम गरिएको छ ।

१६. E-bidding बाट पनि टेन्डर दाखिला गर्न सकिनेछ। टेन्डर दाखिला गर्न www.bolpatra.gov.np / pokharamun.gov.np) प्रयोग गर्न सकिने छ ।

१७. ने.रा.बैक पो.उ.म.न.पा. को खाता नं 1804702-001-030-524 मा भौचर जम्मा गरेर टेण्डर किन्न सकिन्छ ।

तपसिल

| ठे.नं | कार्यको नाम | टेण्डर फाराम दस्तुर |
|---|---|---|
| ०६-०७३/०७४ | सृजनाचोक स्थित सपिङ्ग कम्प्लेक्स भाडामा लगाउने | रु ३००० ।- |
| | | |